जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ३७, २०८३ वैशाख ३ गते विहीबार, 16Apr 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

संसदमा हेटौँडा सिमेन्ट उद्योगको चर्चा



पूर्ण क्षमतामा चलाउ

○सहीखबर संवाददाता

मकवानपुर । आर्थिक सङ्कट व्यहोर्दै आएको मकवानपुर हेटौँडाको हेटौंडा सिमेन्ट उद्योग नियमित सञ्चालन गर्न माग गरिएको छ ।

रूग्ण उद्योगहरुलाई पुन: सञ्चालनमा ल्याउने सरकारले तयारी गरेपछि आर्थिक सङ्कटका कारण कहिले बन्द हुने र कहिले खुल्ने नियति उद्योगले भोग्दै आएको छ। सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा गरेकाले विभिन्न समस्यासँग जुध्दै आएको हेटौँडा उद्योग पनि नियमित र पूर्ण क्षमतामा सञ्चालन गर्न माग गरिएको हो ।

सिमेन्ट उद्योगलाई पुन: नियमित कसरी सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा सांसद प्रकाश गौतमले प्राथमिकता दिएका छन् । हेटौँडा सिमेन्ट उद्योगको समस्या समाधान गरी नियमित सञ्चालनका लागि संघीय र बागमती प्रदेश सरकारसँग पहल गरिरहेको उनले बताएका छन् ।

"हेटौँडा सिमेन्ट उद्योगलाई पुन: कसरी नियमित रुपमा सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा प्रधानमन्त्री र उद्योगमन्त्रीसँग पनि कुरा गरेको छु," सांसद गौतमले भने, "यसै विषयमा केही दिनअघि बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेको छु, उनीहरुले पनि सकारात्मक आश्वासन दिएका छन् । उद्योगका कर्मचारीसँग पनि यस विषयमा अन्तर क्रिया गरेको छु, सबैबाट राम्रो सुझाव आएको छ," उनले भने ।

"उद्योग चलाउन सकिने सम्भावना देखिन्छ, उद्योग रूग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलबमात्र खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ," उनले भने, "उद्योगमा हुँदै आएको राजनीतिक हस्तक्षेप, आन्तरिक रुपमा हुने भ्रष्टाचार रोक्न सकियो र नयाँ व्यवस्थापन टिम बनाउन सकियो भने उद्योग चलाउन सकिने सम्भावना देखिन्छ ।" त्यसैका लागि म प्रयास गरिरहेको छु, छिट्टै सकारात्मक परिणाम आउन सक्नेमा विश्वस्त छु, उनको भनाइ छ । उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा गत भदौको १९ देखि २४ गतेसम्म पाँच दिनमात्र उद्योग सञ्चालन भएको छ । सो अवधिमा दुई हजार ५०० टन क्लिङ्कर र करिब ३० हजार बोरा सिमेन्ट उत्पादन भएको उद्योगका निमित्त महाप्रबन्धक डा शिवनारायण साहले बताएका छन् ।

गत चैत १३ गतेदेखि उद्योगले पुन: क्लिङ्कर उत्पादन प्रक्रिया सुरू गरे पनि कच्चा पदार्थ नहुँदा पुन: रोकिएको छ । अघिल्लो महिनामा कोइला खरिदका लागि बोलपत्र आह्वान गरिए पनि पुरानो बक्यौता रकम तिर्न नसक्दा कोइला आउन नसकेकाले एकदुई दिनमै उद्योग फेरि बन्द हुने निमित्त प्रमुख डा साहको भनाइ छ ।

"अहिले मौज्दात रहेको कच्चा पदार्थबाट क्लिङ्कर उत्पादन भइरहेको छ, क्लिङ्करबाट सिमेन्ट उत्पादन गरेर प्याकिङ हुन्छ," निमित्त महाप्रबन्धक साहले भने, "अबको एकदुई दिनमै उत्पादन ठप्प हुन्छ, तर नियमित खर्च जस्ताको त्यस्तै छ," उनले भने, "उद्योगको उत्पादन बन्द भएपनि कर्मचारीको तलबभत्ता दिनै परेको छ, केही इन्धन खर्च र सामान्य मर्मत खर्च भइरहेको छ ।" जसका कारण उद्योगमा आर्थिक समस्या बढ्दै जाने उनले बताएका छन् ।

"उद्योग दैनिक सञ्चालन भयो भने कम्तीमा दैनिक एक सय २० टन कच्चा पदार्थ कोइलाको आवश्यक पर्छ," उनले भने, "तर त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी नभएकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।" यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी पनि गर्न सकिएको छैन ।

सो उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत छन् । आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा बक्यौता थपिएको छ ।


"विद्युत् उपभोग त गरियो तर महसुल बुझाउन सकिएन," उनले भने, "अहिले त्यसकै कति महसुलको बक्यौता बाँकी छ भन्ने भन्न नसकिए पनि करिब ४० करोड जति बक्यौता बाँकी छ होला ।" त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उनको भनाइ छ ।

विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरू गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरुको भनाइ छ ।

इन्साइड ---- स्टोरी

दलमा शिक्षकको आबद्धता निषेध गरिछाड्ने सरकार को अडान

विचार



✍ प्रज्ञा तिम्सिना

पेज २ मा

चल्छ त हेटौंडा कपडा उद्योग ?



पेज ३ मा

पुनर्संरचनापछि मात्रै बजेटको सिलिङ तोक्ने तयारी

२०६२ पछिका उच्च पदस्थको सम्पत्ति छानबिन गर्न समिति



पेज ४ मा

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं । २. सवारी साधन चलाउदा मोबाईल फोनको प्रयोग नगरौं ।
३. जथाभावि र गलत दिशाबाट ओभर्टेक नगरौं र बाटो नकाटौं । ४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौं ।
५. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् । ६. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं ।
७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

अध्यक्ष: हिरालाल श्रेष्ठ

साथै नयाँवर्ष २०८३ को पावन अवसरमा

सम्पूर्णमा शुभकामना

पुरानो नारायणी यातायात व्यवासायी संघ

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

अभिभावक शिक्षा

आफ्ना सन्तानलाई शिक्षाको लागि विद्यालयमा भर्ना गरेर मात्रै हुदैन । उनीहरूको शिक्षाको गुणस्तर, समस्या तथा चुनौतिबारे पनि निरन्तर चासो दिनु जरूरी छ, समाधान खोज्नु जरूरी छ । त्यसैले विद्यालय शिक्षा सुधारका लागि अभिभावक शिक्षाको महत्व सबैभन्दा बढी छ । शिक्षाको गुणस्तर सुधार्न केवल विद्यालय र शिक्षकको जिम्मेवारी मात्र होइन । अभिभावकको सक्रिय सहभागितासँग पनि प्रत्यक्ष रुपमा जोडिएको हुन्छ। बालबालिकाको पहिलो शिक्षक अभिभावक नै भएकाले उनीहरुको सोच, व्यवहार र सचेतनाले बालबालिकाको सिकाइमा गहिरो प्रभाव पार्दछ।

अभिभावक शिक्षाले बालबालिकाको मनोविज्ञान, सिकाइ शैली, र विकासका चरणबारे जानकारी प्रदान गर्छ। यसले अभिभावकलाई आफ्ना सन्तानको आवश्यकता बुझ्न र उनीहरुलाई उचित वातावरण दिन सक्षम बनाउँछ। धेरैजसो अवस्थामा, बालबालिकाको कमजोर प्रदर्शनको कारण घरको वातावरण, अभिभावकको बेवास्ता वा गलत अपेक्षा हुन सक्छ। यस्ता समस्याको समाधानका लागि अभिभावक शिक्षाले मार्गदर्शन प्रदान गर्दछ।

विद्यालय र अभिभावकबीचको सहकार्य सुदृढ भएमा शिक्षण प्रक्रिया अझ प्रभावकारी बन्न सक्छ। अभिभावक शिक्षाले विद्यालयका कार्यक्रम, पाठ्यक्रम र बालबालिकाको प्रगति बुझ्न सहयोग गर्छ। यसले अभिभावकलाई निर्णय प्रक्रियामा सहभागी गराई उत्तरदायित्व बढाउँछ। नेपालजस्तो विकासोन्मुख देशमा, जहाँ धेरै अभिभावक शिक्षा र बाल विकासबारे पर्याप्त जानकार छैनन्, त्यहाँ अभिभावक शिक्षा कार्यक्रम अत्यन्त आवश्यक छन्। सरकार, विद्यालय र समुदायले संयुक्त रुपमा यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ।

विद्यालय शिक्षा सुधारका लागि अभिभावक शिक्षा अपरिहार्य पक्ष हो। अभिभावक सचेत र जिम्मेवार बने मात्र बालबालिकाको समग्र विकास सम्भव हुन्छ, जसले अन्ततः राष्ट्रको शैक्षिक स्तर उकास्न महत्वपूर्ण योगदान पुर्‍याउँछ। अहिले विद्यालय भर्ना अभियान सुरू भएको छ, यो बेला अभिभावक शिक्षाको पाटोलाई पनि सशक्त बनाउनु विद्यालय व्यवस्थान टिमको जिम्मेवारी हो, जसले विद्यालयलाई नै सघाउ पुर्‍याउँछ ।

दलमा शिक्षकको आबद्धता निषेध गरिछाड्ने सरकारको अडान



प्रज्ञा तिम्सिना

शैक्षिक संस्थामा हुने दलगत राजनीतिक गतिविधिका कारण गुणस्तरमा ह्रास आएको विषय पटक पटक उठ्ने गरेको छ। तर राजनीतिक दलहरुले नै शिक्षकलाई सदस्यता दिने गरेका कारण शिक्षकको दलगत आबद्धता हट्न सकेको छैन।

शिक्षकले राजनीति गर्न नपाउने व्यवस्था २०८१ वैशाखमा तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले लागू गराउन खोजेकी थिइन्। उनले मन्त्रीस्तरीय निर्णय गरेर राजनीतिमा लागेका शिक्षकलाई कारबाही गर्ने निर्णय गरेकी थिइन्।

शिक्षकले राजनीतिक दलको सदस्यता लिएको, सक्रिय राजनीति गरेको भन्दै श्रेष्ठले सो कदम चालेपछि आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा पनि शिक्षक, कर्मचारीले राजनीतिक दलको सदस्य हुन नपाउने व्यवस्था कार्यान्वयनमा लैजाने उल्लेख गरिएको थियो। शिक्षकलाई दलीय राजनीतिबाट अलग गराउन उनले निर्वाचन आयोगसँग सहयोग समेत मागेकी थिइन्।

दलीय आबद्धता भएका शिक्षकलाई बर्खास्त गर्ने प्रक्रिया अघि बढाउने मन्त्रालयको निर्णयपछि शिक्षकहरूले आन्दोलनको चेतावनी दिँदै कारबाही गरेर देखाउन चुनौती दिएका थिए। तर, निर्णय कार्यान्वयन नहुँदै श्रेष्ठको पद तीन महिनामै गयो।

त्यसपछिका शिक्षामन्त्रीले यो निर्णय कार्यान्वयन गराउन चासो दिएनन्।

सुशीला कार्की प्रधानमन्त्री हुँदा शिक्षामन्त्री बनेका महावीर पुनले पनि यो विषय चर्चामा ल्याएका थिए। पाँच महिना शिक्षा मन्त्रालय सम्हालेका पुनले पनि शिक्षकको दलगत आबद्धता हटाउन सकेनन्।

शिक्षक प्राध्यापकको राजनीतिक आवद्धता निषेध गर्ने विषय पुनः चर्चा पाएको छ। सुमनाले निर्णय गरेको दुई वर्षपछि प्रधानमन्त्री बालेन्द्र शाहको सरकारले सो निर्णय कार्यान्वयन गराउने निर्णय गरेको छ।

संसदमा प्रतिनिधित्व गरेका ६ राष्ट्रिय दलको चुनावी घोषणापत्रका आधारमा सरकारले मंगलबार सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतामा उक्त विषय समेटिएको हो। प्रतिबद्धताको बुँदा नम्बर ८ मा शिक्षक प्राध्यापकको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्ने उल्लेख गरिएको छ।

'शिक्षक तथा प्राध्यापकको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गरिनुका साथै विश्वविद्यालय र विद्यालयलाई दलीय राजनीतिक गतिविधिबाट मुक्त गरिने छ,' प्रतिबद्धतामा उल्लेख गरिएको छ।

शिक्षा ऐन र नियमावलीले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक राजनीतिक दलको कार्यकारी पदमा बस्न नपाउने व्यवस्था छ। तर दलको सदस्य हुनबाट भने रोकेको छैन। दुई वटा कानुनको विरोधाभासी व्यवस्थाको गलत फाइदा उठाउँदै शिक्षकले दलको सदस्यता लिने गरेका छन्। दलले पनि शिक्षकलाई सदस्यता दिने गरेका छन्। जसका कारण शैक्षिक संस्था वर्षौंदेखि राजनीति चेपुवामा परेका छन्। जसको असर विद्यार्थीको भविष्यमा परेको छ।

नेपाल शिक्षक महासंघ भने सरकारको घोषणापछि चिढिएको छ। महासंघकी सहअध्यक्ष नानुमाया पराजुलीले महासंघमा दलगत शिक्षक आबद्ध नरहेको बताइन्।

'हामी कुनै दलमा आवद्ध नभएको संस्था हौं, ट्रेड युनियन हाम्रो अधिकार हो, नेपालको सांविधानको धारा ३४ मा ट्रेड युनियनको अधिकार दिएको छ,' उनले भनिन्, 'आफ्नो ड्युटीमा खटिएर राजनीतिक विचार राख्ने अधिकार सबैलाई हुन्छ।'

उनले शिक्षक कर्म क्षेत्रमा खटिएको छ कि छैन भनेर निगरानी गर्न पाउने र संगठनमा आबद्ध हुँदैमा राजनीति गर्छन् भन्ने धारणा राख्नु गलत भएको बताइन्।

दलमा आशा राख्नु भनेको दलमा आबद्ध हुनु त होइन। बिहान १० देखि बेलुकी ४ बजेसम्म पढाउन छोडेर करौले पार्टीको झण्डा बोकेर हिँडेको छ, कुनै पार्टीको प्रचार गर्दै हिँडेको छ भने त्यसलाई राजनीति मान्नुपर्ने उनको धारणा छ।

सहअध्यक्ष पराजुली भन्छिन्, 'बाहिरबाट शिक्षक महासंघलाई जुन किसिमले लाञ्छना लगाइएको छ, त्यो गलत हो। हामी शुद्ध पेसागत, शैक्षिक मुद्दा उठान गर्न गठन गरिएका संस्था हौं। हामी कुनै पार्टीका भ्रातृ संगठन होइनौं।'

ट्रेड युनियनमाथि हमला पहिल्यैदेखि भइरहेको भन्दै उनले जहाँ शिक्षक, विद्यार्थी र कर्मचारी हुन्छन्, त्यहाँ संगठित हुन पाउने अधिकार हुनुपर्ने बताइन्।

'कार्यान्वयन गर्न मुस्किल छ'

शिक्षाविद् विद्यानाथ कोइराला सहमतिको बाटो नखोजी एकतर्फी लागू गराउन खोजे सरकार असफल हुने बताउँछन्।

'शिक्षकसँग संवाद गरेर जाने हो भने विकल्प निस्किन्छ। विद्यालय कसरी सुधार गर्ने, शिक्षकलाई कसरी जिम्मेवार बनाउने भनेर जान सकियो भने सम्भव छ। निषेध गर्ने हो भनेर सरकारले शिक्षकसँग निहुँ खोज्ने हो भने लागू गर्न सकिँदैन,' उनले नेपालखबर सँग भने।

शिक्षाविद् कोइरालाले सुमना श्रेष्ठ, महावीर पुनले एउटै प्रक्रियाबाट निषेध गर्न खोजेका कारण कार्यान्वयन गराउन नसकेको बताए। 'दुई शिक्षामन्त्री कार्यान्वयन गराउन नसकेर फेल हुनुभयो। अहिले शिक्षामन्त्री सस्मित पोखरेलले पनि त्यही गर्न खोज्नुभएको छ। उहाँहरु फेल हुनुहुन्छ,' उनले भने, 'सहमति गर्ने हिसाबले लैजान सकियो भने कार्यान्वयन गराउन सकिएला। नत्र यो खतरनाक हुन्छ।'

शिक्षामन्त्री पोखरेललाई शिक्षक, विज्ञसँग छलफल गरेर मात्र हटाउने प्रक्रिया थाल्न उनी आग्रह गर्छन्।

'हामीसँग कसरी जाँदा हुन्छ भनेर छलफल गर्न सक्नुहुन्थ्यो। उहाँहरुमा हामीजस्ता भुक्तभोगी व्यक्तिको कुरा सुन्ने रहर छैन होला,' उनले थपे, 'उहाँहरुले निर्णय गर्न त पाउनुहुन्छ तर काम हुँदैन।' सरकारले शिक्षकको राजनीतिक आबद्धता निषेध गर्ने भनेर गरेको निर्णय कागजमा मात्र सीमित हुन सक्ने उनको आकलन छ।

'सहमति नखोजे उहाँहरुले बन्द गर्न सक्नुहुन्छ, तर कागजमा मात्र,' उनी भन्छन्।

नेपाल शिक्षक महासंघका पूर्वअध्यक्ष बाबुराम थापाले सरकारले शिक्षक महासंघलाई बलियो बनाउने गरी निर्णय गर्नुपर्ने धारणा र राख्छन्। शिक्षकको दलगत आबद्धता हुन नदिनु राम्रो निर्णय भए पनि शिक्षकको हकहितका लागि शिक्षक महासंघलाई बलियो बनाउनुपर्ने बताए।

उनले भने, 'सरकारले शिक्षक महासंघ नै तिमीहरुको साझा संस्था हो। त्यसमार्फत आऊ भनेर भन्नुपर्छ। शिक्षकमा पेसागत हकहितको संरक्षणका लागि महासंघ चाहिन्छ।'

निजामती कर्मचारीको आधिकारिक संस्था भएजस्तै शिक्षक महासंघ पनि हुनुपर्ने उनको तर्क छ।

'पार्टीसँग आबद्ध भए ट्रेड युनियनमा दर्ता नै हुँदैन नि। सरकार मा बस्नुभएका व्यक्तिले कसरी बुझ्नुहुन्छ,' उनले भने, 'दलगत आबद्धता भएका संस्थालाई ठेड् युनियन ऐनले पनि मान्यता दिँदैन।'

शिक्षक महासंघका अनुसार देशभर कक्षा १२ सम्मका निजी र सरकारी विद्यालयमा झन्डै ४ लाख ७० हजार शिक्षक छन्। यीमध्ये ३ लाख सरकारी शिक्षक र कर्मचारी छन्। उनीहरु धेरैजसो कुनै न कुनै पार्टीमा सदस्य छन्।

१५ वटा पार्टी निकट पेसागत संगठन महासंघमा आबद्ध छन्। नेपाली कांग्रेस, एमाले र नेकपागरी तीन दलमा मात्रै दुई लाख ७० हजार शिक्षक आबद्ध छन्।

कांग्रेसनिकट नेपाल शिक्षक संघमा ९० हजार शिक्षक छन् भने एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक संगठनमा ८० हजार र नेकपा निकट अखिल नेपाल शिक्षक संघमा ५० हजार शिक्षक आबद्ध छन्।

नेपाल खबरबाट

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८३ वैशाख ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

चल्छ त हेटौंडा कपडा उद्योग ?

○ सहीखबर संवाददाता

मकवानपुर । लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुन: सञ्चालनमा ल्याउने विषयमा बहस सुरू भएको छ।

गृहमन्त्री सुधन गुरूङले प्रहरीको पोसाक स्वदेशमै उत्पादन गर्ने घोषणा गरेसँगै संसन्ना उद्योग सञ्चालनको माग उठेको छ।

नेपाली सेनाले उद्योग पुन: सञ्चालनका लागि आवश्यक पूर्वाधार र लगानीको सम्भाव्यता प्रतिवेदन यसअघि नै सरकारलाई बुझाइसकेको छ।

मकवानपुर । बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग पुन: सञ्चालनमा ल्याउने विषयमा बहस हुन थालेको छ । २०५७ सालदेखि बन्द रहेको यो उद्योग २०६० सालमा खारेजीमा लैजाने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो ।

२०६२/०६३ सालको जनआन्दोलनपछि पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा उद्योग पुन: सञ्चालनको तयारी गरिएको थियो । उद्योग सञ्चालनमा ल्याउन नसकेपछि २०६६ सालमा पुन: खारेज गरिएको उक्त उद्योग राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) नेतृत्वमा सरकार बनेसँगै पुन: सञ्चालनको बहस सुरू भएको छ ।

गृहमन्त्री सुधन गुरूङले हालै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको गुनासो सुनेपछि प्रहरीका लागि आवश्यक पोसाक नेपालमै उत्पादन गर्ने घोषणा गरेका थिए । प्रहरीको पोसाकको गुणस्तर कमजोर भएको उल्लेख गर्दै उनले देशमै उच्च गुणस्तरको कपडा उत्पादन गर्ने उद्योग स्थापना गरिने बताएका थिए ।

'अरु देशका प्रहरीको पोसाक देख्दा अपराधी नै तर्सिने खालको हुन्छ । तर हाम्रो प्रहरीको पोसाक उ‍ीएको र खुइलिएको देखिन्छ,' प्रहरी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा गृहमन्त्री गुरूङले भनेका थिए, 'अब हामी आफैं लुगा उत्पादन गर्ने कारखाना खोल्छौं, जसबाट स्थानीयले रोजगारी पनि पाउनेछन् ।'

तत्काल गृहमन्त्री गुरूङको प्रस्तावपछि नयाँ उद्योग खोल्ने कि देशमै पर्याप्त संरचना भएको हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउने भन्नेमा चर्चा भएको हो । प्रधानमन्त्री बालेन्द्र शाहले पनि सरकारी उद्योगहरुलाई सञ्चालन गर्नुपर्ने र निजी उद्योगहरुकै काँजोमा सञ्चालन गर्न सकिने बताउँदै आएका छन् । यसले पनि वर्तमान सरकारबाट वर्षौंदेखि बन्द रहेको कपडा उद्योगले पुनर्जीवन पाउँछ भन्ने धेरैलाई लागेको छ ।

संघीय र प्रदेश संसन्ना उद्योग कपडा उद्योग चलाउनुपर्ने विषय

गृहमन्त्री सुधन गुरूङले प्रहरीको पोसाक नेपालमै उत्पादन गर्ने घोषणा गरेसँगै लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग सञ्चालनको विषय प्रतिनिधिसभा र बागमती प्रदेशसभामा पनि उठेको छ । मकवानपुर ३ बाट निर्वाचित रास्वपा सांसद प्रशान्त उप्रेती र प्रदेशसभामा ललितपुरबाट निर्वाचित सांसद रामकृष्ण चित्रकारले कपडा उद्योग सञ्चालनको औचित्यको बारेमा विषय उठाएका हुन् ।

संघीय सांसद उप्रतीले लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग सञ्चालनका लागि पहल गर्न संघीय सरकारलाई आग्रह गरेका छन् । गत बुधबार बसेको प्रतिनिधिसभा बैठकमा आफ्नो धारणा राख्दै सांसद उप्रेतीले हेटौंडा ८ स्थित कपडा उद्योग सञ्चालनको प्रतीक्षामा रहेको र त्यसका लागि सरकारको ठोस निर्णय आवश्यक रहेको बताएका थिए ।

उनले केही समयअघि गृहमन्त्री गुरूङले नेपाल प्रहरीका पोसाक नेपालमै उत्पादन गर्ने घोषणा गरेको विषय स्मरण गराउँदै उक्त कार्यको सुरूवात हेटौंडा कपडा उद्योगबाट गर्न सकिने धारणा राखेका थिए ।

'नेपाल प्रहरीको पोसाक स्वदेशमै उत्पादन गर्ने हो भने हेटौंडा कपडा उद्योग सञ्चालन गर्नु उपयुक्त हुन्छ,' उनले भने, 'सरकारले आवश्यक कदम चालेर उद्योग पुन: सञ्चालनमा ल्याउनुपर्छ ।'

हाल बन्द रहेको कपडा उद्योग नयाँ व्यवस्थापनसहित पुन: सञ्चालनमा ल्याउन सके रोजगारी सिर्जना हुनुका साथै स्वदेशी उत्पादनको प्रवर्द्धन हुने सांसद उप्रेतीले बताए ।

यस्तै प्रदेश सांसद चित्रकारले बागमती प्रदेशसभामा विभिन्न कारण र बहानामा बन्द गरिएका उद्योगहरु पुन: सञ्चालन गर्न सरकारलाई आग्रह गरेका छन् । उनले मित्र राष्ट्रहरुको सहयोगमा स्थापना गरिएका हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट उद्योग लगायतका उद्योगहरु पुन: सञ्चालन गर्न सकिने बताए । स्वदेशी पुँजीको उपयोग, रोजगारी सिर्जना र नयाँ अर्थतन्त्रको विकासका लागि बन्द उद्योग सञ्चालन गर्नु अत्यन्त आवश्यक रहेको उनको भनाइ थियो ।



प्रदेश सांसद चित्रकारले आफू प्रदेशको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रहेका बेला पनि उद्योग पुन: सञ्चालनका लागि प्रयास गरेको उल्लेख गर्दै सरोकारवालाबाट अपेक्षित सहयोग नपाउँदा प्रयास सफल हुन नसकेको दाबी गरे । अब संघीय र प्रदेश सरकारले सहकार्य गरेर उद्योग सञ्चालनतर्फ ठोस पहल गर्नुपर्ने उनको भनाइ थियो ।

प्रदेश सांसद चित्रकारले उद्योग सञ्चालनसँगै भविष्यको अर्थतन्त्रलाई बलियो बनाउन विज्ञान तथा प्रविधिको अनुसन्धान र नवप्रवर्तनलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । उनले कपडा उद्योग लगायत अन्य बन्द उद्योग सञ्चालन गर्न सके देशको कमजोर आर्थिक अवस्था मजबुत बनाउन र रोजगारीको अभावका कारण विदेश पलायन भइरहेका युवाहरु स्वदेशमै रोक्न सकिने बताए ।

कपडा उद्योग चलाउने सम्बन्धका के थियो सेनाको प्रस्ताव ?

कपडा उद्योग सञ्चालन गर्ने विषयमा १७ माघ २०८० मा सेनाले सरकारलाई बुझाएको प्रतिवेदनमा हाल उद्योगमा रहेका केही संरचना र मेसिनहरु मर्मतसम्भार गर्नुपर्ने र धेरै मेसिनरी नयाँ नै खरिद गर्नुपर्ने उल्लेख गरेको थियो । सेनाले गरेको अध्ययनअनुसार तत्काल एक अर्ब ९३ करोड सुरूवाती लगानी र वार्षिक ७८ करोड सञ्चालन खर्च आफैं जुटाएर उद्योग सञ्चालन गर्न सकिने जनाएको थियो ।

त्यसका लागि नेपाली सेनाको सैनिक कल्याणकारी कोषमा बजेट पर्याप्त रहेको भन्दै उद्योग चलाउन आवश्यक पुँजी सरकारले दिन नपर्ने र सैनिक कल्याणकारी कोषबाटै खर्चने सेनाले प्रतिवेदनमा उल्लेख गरेको थियो । उद्योगबाट उत्पादित कपडा सुरक्षा निकाय र निजामती कर्मचारीलाई प्रयोगका लागि बाध्यकारी बनाउन सके बजारको कुनै समस्या समेत नपर्ने सेनाको भनाइ थियो ।

उद्योगको स्वामित्वमा एक सय ६६ रोपनी जग्गा उपलब्ध रहेको, उद्योगका लागि आवश्यक न्यूनतम पूर्वाधार विद्यमान रहेको र उद्योग सञ्चालनका लागि अधिकांश कच्चा पदार्थ देशभित्र नै उपलब्ध रहेको सेनाले प्रतिवेदनमा उल्लेख गरेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मै सरकारले सरकारले नीतिगत निर्णय गरी उद्योगको स्वामित्व सेनालाई हस्तान्तरण गरिदिएको भए तत्काल पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिदको काम गरी परीक्षण उत्पादन सुरू गर्ने तथा चालु आर्थिक वर्ष २०८२/८३ मा मेसिन थप गरी उद्योगको क्षमता विस्तार गर्ने र नियमित उत्पादन सुरू गर्ने प्रस्ताव गरिएको थियो । उद्योग पुन: सञ्चालन गर्दा नौ वर्षपछि लागत प्रतिस्थापन गरी उद्योग नाफामा जाने सेनाले दाबी गरेको थियो ।

खण्डहर बनेको उद्योग

देशमै कपडा उत्पादन गर्ने लक्ष्यसहित २०३२ भदौ ३० गते कम्पनी दर्ता गरी २०३२ साल पुसमा शिलान्यास गरिएको कपडा उद्योगले २०३५ साल कात्तिकमा परीक्षण उत्पादन गरेको थियो । उद्योगको २०३५ साल ५ गते विधिवत् रुपमा उद्घाटन भए पनि यसले नियमित उत्पादन थालेको थियो ।

मुख्यगरी सुती धागो, कोरा, रंगीन, बुट्टेदार र सेतो कपडा उत्पादन गर्दै आएको हेटौंडा कपडा उद्योगले नेपाली सेनाको लागि आवश्यक पर्ने कपडा पनि उत्पादन गर्ने गरेको थियो भने १२ सय श्रमिकले प्रत्यक्ष रोजगारी पाएका थिए ।

तर २०४६ सालमा प्रजातन्त्र स्थापना भएसँगै उद्योगमा हुने गरेका राजनीतिक नियुक्ति बन्द र हडतालका कारण उद्योगले बिस्तारै घाटा व्यहोर्न थाल्यो ।

पहिलोपटक आर्थिक वर्ष २०५३/५४ मा उद्योग घाटामा गएको थियो । उद्योग निरन्तर घाटमा जान थालेपछि २०५७ साल माघ १८ गते उद्योग बन्द गर्ने निर्णय भयो र यसलाई २०५९ मा पहिलोपटक खारेजीको प्रक्रियामा लगियो ।

त्यसयता उद्योग सञ्चालनका लागि प्रयास भने नभएका होइनन् । तत्कालीन डा. बाबुराम भट्टराई सरकारले आर्थिक वर्ष २०६५/६६ मा उद्योग पुन:सञ्चालनको निर्णय गरेको थियो । सामान्य मर्मतसम्भारपछि उद्योगले २०६६ सालमा परीक्षण उत्पादन समेत गरिएको थियो । तर उद्योग पुरानै अवस्थामा सञ्चालन गर्न नसकिने निष्कर्षसहित २०६६ साल कात्तिक ११ गते दोस्रो पटक खारेजीको निर्णय गरियो ।

त्यसयता हेटौंडा कपडा उद्योग लामो समयदेखि बन्द अवस्थामा छ । करोडौं मूल्यका मेसिन, ठुलो भौतिक संरचना र उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार हुँदाहुँदै पनि उद्योग वर्षौंदेखि प्रयोगविहीन अवस्थामा खण्डहर बनेको छ । उद्योग सञ्चालनका विषयमा विभिन्न समय सरकार, मन्त्रालय र सरोकारवालाबिच छलफल भए पनि ठोस निर्णय हुन सकेको छैन ।

सामान्य मर्मतसम्भार र व्यवस्थापन सुधार भए उद्योग पुन: सञ्चालन सम्भव रहेको प्रतिवेदन समेत आइसकेको छ । यसअघि नेपाली सेनाले उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई २०८० माघ १७ मा प्रतिवेदन समेत बुझाएको थियो ।

२०६२ पछिका उच्च पदस्थको सम्पत्ति छानबिन गर्न समिति

○ सहीखबर संवाददाता

सरकारले २०६२ पछिका उच्च पदस्थको सम्पत्ति छानबिन गर्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेको छ।

बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले २०६२/६३ सालदेखि हाल (२०८२/८३) सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीहरुको सम्पत्ति विवरणको सङ्कलन तथा छानबिन गर्न सम्पत्ति, जाँचबुझ/छानबिन आयोग गठन गरेको हो।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा आयोग गठन गर्ने निर्णय भएको शिक्षामन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए। चार सदस्यीय आयोगमा पूर्वन्यायाधीशद्वय चण्डीराज ढकाल र



पुरूषोत्तम पराजुली, पूर्व प्रहरी नायब महानिरीक्षक गणेश केसी तथा चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल सदस्य रहेका छन्।

जाँचबुझ आयोगले २०६२/६३ साल पछिका सार्वजनिक पद धारण गरेका सबैको सम्पत्ति छानबिन गर्ने कार्यादेश दिइएको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएपछि गत चैत १३ गते बसेको मन्त्रिपरिषद् बैठकले १५ दिनभित्र समिति गठन गर्ने निर्णय गरेको थियो।

सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी सय कार्यसूचीको ४३औँ बुँदामा यसबारे उल्लेख गरिएको छ।

यस बुँदामा देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति सुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयअन्तर्गत रहनेगरी १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने उल्लेख छ ।

छानबिन प्रक्रियाताई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रुपमा सञ्चालन गर्ने तथा समितिले पेश गरेको प्रतिवेदन तथा सिफारिस सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने भनिएको छ।

त्यसैका आधारमा जाँचबुझ आयोग गठन गर्ने निर्णय भएको जनाइएको छ। सरकारले पहिलो चरणमा २०६२/६३ सालयताका सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति जाँचबुझ गर्ने भएको हो।

पुनर्संरचनापछि मात्रै बजेटको सिलिङ तोक्ने तयारी

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले बजेट निर्माण प्रक्रियाअघि नै प्रशासनिक संरचना सुधार गर्ने भएको छ ।

बजेट कार्यक्रम खर्च सहज हुने र प्रशासनिक पुनर्संरचना व्यवहारिक कार्यान्वयनका लागि बजेट निर्माण प्रक्रिया अघि नै मन्त्रालयको संख्या घटाउने तथा कर्मचारी कटौतीको प्रस्ताव अघि बढाउने भएको हो ।

आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माण अगावै प्रशासनिक ढाँचा ठुंगो लगाउने गरी सरकारले प्रशासनिक संरचना व्यवस्थापनको काम अघि बढाएको उनले बताए ।

सार्वजनिक खर्च कटौती, विकास बजेट खर्च व्यवस्थापन तथा सुशासन सहित नागरिकमा गुणस्तरिय सेवा प्रवाहका लागि बजेट अगावै प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनाको काम अघि बढाएको उनको भनाइ छ ।

सोही अनुसार प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको संयोजकत्वमा गठित उच्चस्तरीय निर्देशक समितिले विज्ञ समितिको प्रतिवेदनलाई अन्तिम रुप दिन १५ दिनभित्र आवश्यक सुझाव पठाउन सबै मन्त्रालय र प्रदेशसभाका विषयगत समितिहरुलाई पत्राचार गरेको उनले बताए ।

मन्त्री तामाङका अनुसार आगामी ७ वैशाखसम्म सुझाव प्राप्त भएपछि सरकारले पुनर्संरचनाको अन्तिम निर्णय लिनेछ र बजेट विनियोजनका लागि तोकीएको मन्त्रालयहरुलाई सिलिङ तोक्ने उनले बताए ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको वर्तमान सरकारले हाल कायम रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा सीमित गर्ने र खर्च कटौती तथा चुस्त प्रशासनका लागि ७०१ जना कर्मचारीको दरबन्दी कटौती गर्ने प्रस्ताव अघि बढाएको उनले बताए ।

सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेशको प्रशासनिक पुनर्संरचनाको ठुंगो लागेपछि मात्रै आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटको सिलिङ तय गरिने बताए । मन्त्रालय र सरकारी कार्यालयहरुको संख्या परिमार्जन भइरहेकाले त्यसको अन्तिम निर्णय नभई बजेटको सीमा तोक्न नसकिने उनको भनाई छ । मन्त्री तामाङका अनुसार सरकारले आगामी बैशाख १५ गतेभित्र प्रशासनिक पुनर्संरचनाको काम सक्ने लक्ष्य राखेको छ ।

'अहिले कार्यालयहरु पुनर्संरचनाको क्रममा छन्, यो काम बैशाख १५ भित्र ठुंगिन्छ । त्यसपछि मात्रै हामी बजेटको सिलिङ पठाउँछौं ।' उनले भने, 'प्रशासनिक संरचना चुस्त बनाउँदा र अनावश्यक खर्च कटौती गर्दा आगामी बजेटको आकारमा केही गिरावट आउनेछ ।

प्रशासनिक पुनर्संरचनापछि समग्र बजेटमा करिब १० प्रतिशत जति कटौती हुन सक्छ । मन्त्रालयहरुको संख्या घटेसँगै प्रशासनिक खर्च घट्ने र त्यसले बजेटको सन्तुलन मिलाउने सहज हुनेछ ।'

मन्त्री तामाङले आगामी बजेटमा ठुक्रे योजना पूर्ण रूपमा निरूत्साहित गर्ने नीति अघि सारिएको उनले बताए । मन्त्रालयले तयार पारेको नयाँ मापदण्ड अनुसार सामाजिक क्षेत्रका योजनाहरु न्यूनतम १० लाख रूपैयाँ र भौतिक पूर्वाधार (सडक/पुल) तर्फका योजनाहरु न्यूनतम ५० लाख रूपैयाँभन्दा माथिका योजनाहरु समेटिने उनको भनाई छ ।

'ठुक्रे योजनाहरु हटाउने र प्रदेशको एकल अधिकार क्षेत्रभित्र रहेका ठुला योजनामा लगानी केन्द्रित गर्ने हाम्रो तयारी छ । संघीय र स्थानीय तहको कार्यक्षेत्रमा पर्ने योजनामा प्रदेशले लगानी गर्ने छैन ।

विगतमा विवादित बन्दै आएको सांसदहरुले तोकेर दिने अनुदान (सांसद विकास कोषका स्वरूपहरु) समेत कटौती गर्ने तयारी भइरहेको छ,' उनले भने ।

बजेट निर्माण प्रक्रियालाई पारदर्शी र विवादरहित बनाउन नयाँ मेकानिजम प्रस्ताव अघि बढाएको मन्त्री तामाङले बताए । उनका अनुसार निर्वाचन क्षेत्रस्तरमै प्रत्यक्ष निर्वाचित र समानुपातिक सांसदहरुको उपस्थितिमा बैठक बसेर योजनाहरु छनोट गरिनेछ ।

सांसदहरुले आफ्नै क्षेत्रमा बसेर योजना छानेर पठाउने भएपछि बजेटमा बिचौलियाको चलखेल रोकिने र विवाद नहुने उनले बताए ।

बजेट मापदण्ड निर्माण अन्तिम चरणमा

आगामी आर्थिक वर्षको बजेटलाई व्यवस्थित र प्रभावकारी बनाउन बजेट निर्माण मार्गदर्शन सहित आर्थिक मामिला तथा योजना मन्त्रालयले विभागीय मन्त्रालयहरुलाई पत्राचारको तयारी गरेको छ ।

सोही अनुसार मन्त्रालयले बजेट तर्जुमा मापदण्डको खाकालाई पूर्णता दिन छलफल जारी राखेको छ ।

मन्त्री तामाङका अनुसार हाल मन्त्रालयले तयार गरेको बजेट तर्जुमा मापदण्डलाई सांसद तथा सरोकारवाला पक्ष तथा विज्ञहरुसंग छलफलको क्रममा रहेको छ ।

बजेट निर्माणको मापदण्ड मन्त्रालयस्तरबाट अन्तिम चरणमा पुगेको र आगामी दुई/तीन दिनभित्रै मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा लैजाने मन्त्री तामाङले बताए ।

मापदण्डले बजेट निर्माणमा प्रदेश नीति तथा योजना आयोगको भूमिकालाई थप सशक्त बनाउने मन्त्री तामाङले बताए । बजेट तर्जुमाका लागि मन्त्रालयले तयार पारेको नयाँ बजेट निर्माण मापदण्डमा आयोगको विज्ञता र मार्गनिर्देशनलाई मुख्य आधार बनाइएको उनको भनाइ छ ।

मन्त्री तामाङका अनुसार बजेटलाई व्यवस्थित र परिणाममुखी बनाउन योजना आयोगको सक्रिय सहभागितामा कार्यविधि र मापदण्डको ड्राफ्ट तयार गरिएको छ ।

नीति र विधिभन्दा बाहिरबाट आउने योजनालाई आयोग मार्फत् फिल्टरिङ र मन्त्रालयको मापदण्डले रोक्ने उनले बताए ।

'बजेटमा बिचौलियाको प्रभाव निर्मूल गर्नकै लागि हामीले बजेट मापदण्ड ल्याएका हौं । योजना आयोगको भूमिका यसपटक बलियो हुनेछ । योजना सूचीकृत गर्नेमा मात्र सीमित नभई, दीर्घकालीन प्रतिफल दिने आयोजनाहरुको पहिचान र छनोटमा केन्द्रित हुनेछ,' उनले भने ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेटको आकार घटाउने तयारी गरेको छ । बजेटको स्रोत निर्धारण तथा व्यवस्थापन समितिको मूल्यांकनअनुसार आगामी वर्षको बजेट चालु आर्थिक वर्षको तुलनामा करिब १७ अर्ब रूपैयाँ बढी बजेट घट्ने अनुमान गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि करिब ५० अर्ब रूपैयाँको हाराहारीमा बजेट तयार गर्ने तयारी गरेको छ ।

सरकारले ४७ अर्ब रूपैयाँलाई आधारभूत आकार निर्धारण गरे पनि केही अत्यावश्यक र थप योजना समावेश गर्दा बजेटको सीमा ५० अर्बसम्म पुग्न सक्ने मूल्यांकनसहित बजेट निर्माणको प्रक्रिया जारी रहेको छ ।

डढेलोबाट जोगिऔं र जोगाऔं

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, डढेलोबाट जोगिन,
- जथाभावीरूपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

डिभिजन वन कार्यालय

मकवानपुर हेटौंडा

सहीखबर

विविध

www.saheekhabar.com

२०८३ वैशाख ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

स्ववियुको ध्यानाकर्षण



○ सहीखबर संवाददाता

मकवानपुर । क्याम्पसमा हुने बेथिति, विसंगति तथा अराजकताका विरूद्ध स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसको ध्यानाकर्षण भएको जनाएको छ ।

सधैं विद्यार्थीको आवाज उठाउँदै आएको उल्लेख गर्दै शैक्षिक गुणस्तर सुधार र क्याम्पसको समग्र विकासमा आफूहरु प्रतिबद्ध रहेको बताउँदै हेटौंडा क्याम्पस स्ववियु इकाइ समितिका कार्यवाहक सभापति भरत मोहन देवकोटाको नेतृत्वमा क्याम्पस व्यवस्थापन समिति अध्यक्ष आनन्दराम पराजुलीलाई ध्यानाकर्षण पत्र बुझाइएको हो । विद्यार्थीहरुको साझा प्रतिनिधि संस्था स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले क्याम्पसमा देखिएका विभिन्न समस्या समाधानका लागि उक्त ध्यानाकर्षण पत्र पेश गरेको जनाएको छ।

स्ववियुले विद्यार्थीहरुको गुनासो र समस्यालाई मध्यनजर गर्दै आठ बुँदे माग अघि सारेको छ। जसअन्तर्गत त्रिभुवन विश्व विद्यालयसँग सम्बन्धित सबै कक्षा नियमित सञ्चालन गर्नुपर्ने, स्नातक तथा स्नातकोत्तर तहमा छुटेका छात्रवृत्तिको लागि तत्काल परीक्षा सञ्चालन गर्नुपर्ने, आन्तरिक परीक्षाको नतिजा समयमै सार्वजनिक गर्नुपर्नेलगायतका माग रहेका छन्।

यसैगरी, क्याम्पस प्रशासन, परीक्षा र लेखा शाखालाई पूर्ण रुपमा सञ्चालन गरी विद्यार्थीमैत्री र पारदर्शी सेवा सुनिश्चित गर्नुपर्ने, शौचालय मर्मत, ई‍लाइब्रेरी व्यवस्थित सञ्चालन, कक्षाहरुलाई प्रविधिमैत्री बनाउने तथा चमेना गृहलाई स्वच्छ र व्यवस्थित बनाउने जस्ता माग समावेश गरिएको छ।

स्ववियुले प्रस्तुत मागहरुलाई गम्भीर तापूर्वक लिएर यथाशीघ्र समाधान गरिने विश्वास व्यक्त गरेको छ। उक्त पत्रको बोधार्थ क्याम्पस प्रमुख तथा क्याम्पस सञ्चालक समितिलाई समेत पठाइएको संगठनले जनाइएको छ।

सेवाग्राहीको घरैमा राहदानी

मकवानपुर । जिल्ला प्रशासन कार्यालय मकवानपुरले राहदानी सेवाग्राहीको घरमा पुर्‍याउने कार्यको थालनी गरेको छ । बुधबार हेटौंडा उपमहानगरपालिकाका सेवाग्राहीलाई हुलाक मार्फत घरमै राहदानी पुर्याएर प्रशासनले सेवा सुरू गरेको हो ।

जिल्ला हुलाक कार्यालय मकवानपुरले बुधबार हेटौंडा उपमहानगरपालिका ४ का ७२ वर्षीय निश्चल मानन्धरको राहदानी घरमै पुर्याएर बुझाएको छ । राहदानी बुझाउन हुलाक कार्यालयका प्रमुख, जिल्ला प्रशासन कार्यालयका कर्मचारी र हल्कारा मानन्धरको घरमै पुगेका थिए ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले राहदानी वितरण गर्न हुलाक कार्यालयलाई बुधबार ५० वटा राहदानी पठाएको छ । प्रशासनकार्यालयबाट हुलाकमा पठाएको राहहदानी बुधबार नै सबै घर घरमा पुर्‍याइने जिल्ला हुलाक कार्यालय प्रमुख रमेश लामिछानले जानकारी दिए ।

सरकारले राष्ट्रिय परिचयपत्र, राहदानी लगायतको सरकारी कागजात सेवाग्राहीको घरमै हुलाक मर्फत पुर्याउने एक सय दिनमा गर्ने प्रतिबद्धतामा गरेको थियो । सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालयको समन्वयमा हुलाक कार्यालय मकवानपुरले उक्त कार्य सुरू भएको हो ।

व्यक्तिगत घटना सम्बन्धी जानकारी

- प्रत्येक व्यक्तिको जन्म, मृत्यु विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ लगायतका घटना व्यक्तिगत घटना हो ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालय वा घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शुल्क वा त्यसपछि बिलम्ब शूल्क तिरी दर्ता गराउन सकिन्छ।
- संघ, प्रदेश वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय वा नेपाल सरकारको स्वामित्वमा रहेका संगठित सस्थाका वहालबाला कर्मचारीले बसाइँ सराइ बाहेक आफू सूचक भएर अन्य व्यक्तिगत घटना दर्ता गर्नुपर्ने भएमा कार्यालयको सिफारिसका आधारमा कार्यालय रहेको स्थानको वडा कार्यालयमा पनि घटना दर्ता गर्न सकिन्छ।
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लागु हुनु भन्दा अघि घटेका घटना दर्ता गर्न मिल्दैन। यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडामा गई वडाध्यक्षबाट घटना प्रमाणित गराउन सक्दछन्।
- सबै प्रकारका व्यक्तिगत घटना दर्ता गर्न सूचक आधिकारिक र जिम्मेवार हुनुपर्ने भएकाले सूचकको स्पष्ट परिचय, उमेर र प्रमाणका रुपमा नागरिकता आवश्यक पर्छ।
- व्यक्तिगत घटना दर्ताको अभिलेख फेला नपरेको वा नष्ट भएको अवस्थामा सो घटना दर्ताको सूचना फाराम वा प्रमाणपत्र अन्यत्र कुनै निकायमा रहेमा सो को आधारमा अभिलेख खडा गरी प्रतिलिपि जारी गर्न सकिन्छ । वा सूचना फाराम, प्रमाणपत्र वा अन्य कुनै प्रमाण प्राप्त नभएमा व्यक्तिगत घटना दर्ताको नयाँ सूचना फाराम भर्न लगाई सूचना फाराममा सूचकलाई सनाखत गर्न लगाई सो को आधारमा अभिलेख खडा गरी प्रमाणपत्र जारी गर्न सकिन्छ।
- सबै प्रकारका व्यक्तिगत घटना दर्ता गराउँदा व्यक्तिलाई सूचना फाराम भर्न लगाउने, आवश्यक कागजपत्र माग गरी रुजु गर्ने, नियमानुसार घटना दर्ता गर्ने, अभिलेख राख्ने तथा प्रमाणपत्र जारी गर्ने दायित्व स्थानीय तह तथा वडा कार्यालयको हुन्छ।स्थानीय तहले घटना दर्ताको महत्व, प्रक्रिया र विलम्ब शुल्कबारे पनि नागरिकलाई जानकारी गराउनु पर्छ ।
- व्यक्तिगत घटना दर्ता गर्ने व्यक्ति वा सूचकले सूचना फाराममा दिईएको विवरण सही रुपमा भर्ने, आवश्यक कागजपत्र पेश गर्ने, ३५ दिनभित्रै घटना दर्ता गराउने र प्राप्त प्रमाणपत्रमा भएका विवरण सही रुपमा जाँच गरेर मात्र प्रमाणपत्र बुझ्ने जस्ता कार्य व्यक्तिको कर्तव्य अन्तर्गत पर्दछन्।
- कुनै पनि व्यक्तिले झुट्टा विवरण पेश गरी दर्ताको प्रमाणपत्र लिएको पाईएमा वा प्रमाणित भएमा सजाय हुने व्यवस्था छ ।
- नेपालमा रहेका विदेशी नागरिकले नेपालमा घटेका व्यक्तिगत घटना दर्ता गर्नु परेमा राहदानी वा राष्ट्रियता खुल्ने कागजात लगायत व्यक्तिगत घटना दर्ताका लागि आवश्यक अन्य कागज सहित आफू बसोबास गरेको स्थानमा घटना दर्ता गर्न सक्छन् । नेपालमा कुटनीतिक नियोग भएका मुलुकको नागरिक भए त्यस्तो नियोगको सिफारिस समेत आवश्यक पर्दछ ।
- कुनै व्यक्तिको घटना दर्ता गर्दा पात्रोमा सो महिनामा नभएको दिन राखि घटना दर्ता भएको छ भने उक्त महिनाको अन्तिम दिन राखि प्रतिलिपि जारी गर्न सकिन्छ ।
- विदेशमा रहेको नेपाली नागरिकहरुले व्यक्तिगत घटनाहरु मध्ये जन्म तथा मृत्यु दर्ता सम्बन्धित देशको नेपाली राजदुतावासमा गर्न सकिने कानूनी व्यवस्था छ । हाल कानूनमा तोकिएको १९ वटा देशमा रहेको नेपाली राजदुतावासबाट यो सेवा लिन सकिन्छ

१९ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका हेटौंडा मकवानपुर

नारायणी यातायात व्यवसायि कम्पनि प्रा.लिको सूचना

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं ।

२. सवारी साधन चलाउदा मोबाईल्ल फोनको प्रयोग नगरौं । ३. जथाभावि र गलत दिशाबाट ओभर्टेक नगरौं र बाटो नकाटौं ।

४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौं । ५. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् ।

६. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं ।

७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

साथै नयाँ वर्ष २०८३ को पावन अवसरमा सम्पूर्ण यातायात व्यवसायिहरू हाम्रा ग्राहकहरूलगायत आमनेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष गोकर्ण पराजुली

नारायणी यातायात व्यवासायि कम्पनी प्रा.लि

बच्चासहितको लोपोन्मुख सालक मकवानपुरमा



○सहीखबरसंवाददाता

मकवानपुर । मकवानपुरमा दुर्लभ तथा लोपोन्मुख तामे सालक (इन्डियन प्याङ्गोलिन) बच्चासहित फेला परेको छ । किसानको साथीका रुपमा परिचित उक्त सालक मकवानपुरगढी गाउँपालिका ३ मा भेटिएको हो ।

स्थानीय मनिष देवकोटाले बुधबार बिहान घर नजिकै करिब १२ किलो तौलको माउ सालक र ३ किलोको बच्चासहित फेला पारेर इलाका प्रहरी कार्यालय मकवानपुरगढीमा बुझाएका थिए ।

प्रहरीमार्फत उक्त सालकलाई रानी सामुदायिक वन उपभोक्ता समूहद्वारा ब्लक नं. ६ मा निर्माण गरिएको सालक 'केज'मा सुरक्षित रुपमा छाडिएको छ ।

सालक छाड्ने क्रममा हेटौँडा ६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, वडा सदस्य विजय पौडेल, सब डिभिजन वन कार्यालय हेटौँडाका वन अधिकृत बच्चुराम सुवेदी, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईं, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल लगायतको उपस्थिति रहेको थियो ।

वन क्षेत्रमा रूखका ठुटामा लाग्ने धमिरा आहाराका रुपमा खाने सालक संरक्षणमा समुदायस्तरबाट सक्रियता बढ्दै गएको छ ।

रानी सामुदायिक वनले २०६२ सालदेखि सालक संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

समूहले जनचेतनामूलक कार्यक्रम, तालिम गोष्ठी, विद्यालयस्तरीय अभियान, सालकका मूर्ति स्थापना तथा होर्डिङ बोर्ड निर्माण जस्ता गतिविधि गर्दै आएको छ । हाल उक्त वन क्षेत्रमा करिब पाँच दर्जन सालक संरक्षणमा रहेको समूहले जनाएको छ ।

संसारभर पाइने आठ प्रजातिका सालकमध्ये मकवानपुर क्षेत्रमा कालो सालक (चाइनिज प्याङ्गोलिन) र तामे सालक (इन्डियन प्याङ्गोलिन) पाइन्छन् । मकवानपुरका करिब चार सय सामुदायिक वनमध्ये एक सय क्षेत्रमा सालक देखिने गरिएको छ । चुच्चेखोला र रानी सामुदायिक वनले सालक संरक्षणका लागि चोरीसिकारी तथा तस्करी रोक्ने अभियान सञ्चालन गर्दै आएका छन् ।

शान्त र लजालु स्वभावको स्तनधारी जनावर सालकले माटो खुकुलो बनाउने र बालीलाई हानि नगर्ने भएकाले किसानमैत्री वन्यजन्तुका रुपमा चिनिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार सालक संरक्षित वन्यजन्तु हो । उक्त ऐनअनुसार सालकको सिकार , खरिद बिक्री वा ओसारपसार गर्नेलाई पाँच लाखदेखि १० लाख रूपियाँसम्म जरिबाना वा पाँचदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । सालक मारेमा वा खाएमा १० वर्षसम्म कैद वा १० लाख रूपियाँसम्म जरिबाना वा दुवै सजाय हुने प्रावधान रहेको छ ।

बागमति प्रदेश सरकारले सालकलाई गौर वको प्राणीको रूपमा सुचिकृत गरेर संरक्षण अभियान जारी राखेको छ ।

२०८२ माघ २६ गते बागमती प्रदेश सरकारले देशमै पहिलो पटक सालक सम्मेलन गरी यसको संरक्षणको लागि घोषणा पत्र सार्वजनिक गरेको थियो । विभिन्न अभियान मार्फत सालकबारे सचेतना फैलाउने अभियान जारी रहेको अभियन्ता विष्णुप्रसाद आचार्य बताउँछन् ।

खोप लगाऔं, रोगबाट बचौं र बचाऔं

- सबै बालबालिकालाई तोकिएको समय तालिकाअनुसार खोप लगाऔं ।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं ।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं ।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं ।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं ।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध नि:शुल्क खोप सेवाबारे जानकारी लिऔं ।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।

खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

सार्वजनिक हितको लागि

सहीखबर

सम्पदा जोगाऔं, पहिचान बचाऔं

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुर्‍याऔं ।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं ।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्व बारे जानकारी गराऔं ।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं ।
- पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।

नेपाल सरकार

विज्ञापन बोर्ड